संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ६२

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल असोज २५ गते विहिबार

---

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:१५ बजे प्रारम्भ भयो ।

प्रारम्भमा माननीय श्री रवि लामिछानेले नेपाली भू-भाग गुन्जीमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भ्रमण गरेको भन्ने विषय विभिन्न सञ्चार माध्यमबाट थाहा पाएको तर सरकार तथा परराष्ट्र मन्त्रीले उक्त भ्रमण सम्बन्धमा सदनमा जानकारी नगराएकोले सो विषयमा सदनलाई जानकारी गराउनु पर्ने लगायतका विषयमा आफ्नो भनाइ राख्नुभयो ।

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० श्री ठाकुर प्रसाद गैरे
२. मा० श्री डोल प्रसाद अर्याल
३. मा० श्री तारा लामा तामाङ
४. मा० श्री दिपक खड्का
५. मा० श्री दामोदर पौडेल बैरागी
६. मा० श्री दिपक गिरी
७. मा० श्री दिपा शर्मा
८. मा० श्री दिपक बहादुर सिंह
९. मा० श्री दुर्गा राई
१०. मा० श्री देव प्रसाद तिमिलसेना
११. मा० श्री देवेन्द्र पौडेल
१२. मा० श्री धन बहादुर बुढा
१३. मा० श्री धवल शम्मशेर जंगबहादुर राणा
१४. मा० श्री नागिना यादव
१५. मा० श्री नारायणी शर्मा
१६. मा० श्री निशा डागी
१७. मा० श्री पदम गिरी
१८. मा० श्री पुष्प बहादुर शाह
१९. मा० श्री प्रकाश मान सिंह
२०. मा० श्री प्रतिमा गौतम
२१. मा० श्री प्रदिप पौडेल
२२. मा० श्री प्रेम बहादुर महर्जन
२३. मा० श्री बलराम अधिकारी
२४. मा० श्री बासु देव घिमिरे
२५. मा० श्री बिनिता कठायत

तत्पश्चात् प्रारम्भ भएको विशेष समयमा निम्नलिखित माननीय सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० श्री अर्जुन नरसिंह के.सी.
२. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
३. मा० श्री वर्षमान पुन
४. मा० श्री मनिष झा
५. मा० श्री ज्ञान बहादुर शाही
६. मा० श्री प्रदिप यादव
७. मा० श्री राजेन्द्र प्रसाद पाण्डे
८. मा० श्री राम प्रकाश चौधरी
९. मा० श्री गंगा राम चौधरी
१०. मा० श्री प्रभु साह
११. मा० श्री रामकृष्ण यादव
१२. मा० श्री लाल प्रसाद साँवा लिम्बु
१३. मा० श्री दिनेश कुमार यादव
१४. मा० श्री चन्द्र बहादुर विश्वकर्मा
१५. मा० श्री महेश कुमार वर्तौला

तदुपरान्त कानुन, न्याय तथा मानव अधिकार समितिका माननीय सभापति श्री बिमला सुवेदीले "सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०८०" पेश गर्नु भयो ।

त्यसपछि माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री अशोक कुमार राईले "विद्यालय शिक्षा विधेयक, २०८० लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्" भनी राख्नु भएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ पेश गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल असोज २६ गते शुक्रबार दिनको २:०० बजे बस्नेगरी बैठक दिनको ३:१० बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव